फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

बैठक संख्याः- आ.व. ०८२/०८३- ०३
मितिः-२०८२/०६/७ गते मंगलबार
फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

क्र.सं.	पद	नाम	हस्तक्षर
१.	अध्यक्ष	पार्वती सुनुवार	
२.	उपाध्यक्ष	राजु बराल	
३.	१ नं. वडा अध्यक्ष	होम बहादुर सुनुवार	
४.	२ नं. वडा अध्यक्ष	शंकर बहादुर भण्डारी	
५.	३ नं वडा अध्यक्ष	टेक बहादुर रजन मगर	
६.	४ नं. वडा अध्यक्ष	मोहन मगर	
७.	५ नं. वडा अध्यक्ष	बैकुण्ठलाल पहाडी	
८.	६ नं. वडा अध्यक्ष	कुलेन्द्र बहादुर मगर	
९.	कार्यपालिका सदस्य	लिल बहादुर सुनुवार	
१०	कार्यपालिका सदस्य	पूर्णमाया थापा मगर	
११.	कार्यपालिका सदस्य	टिकामाया विश्वकर्मा	
१२.	कार्यपालिका सदस्य	तारा विश्वकर्मा	
१३.	कार्यपालिका सदस्य	सावित्रा कुमारी थापा मगर	
१४.	कार्यपालिका सदस्य	मंगलादेवी तामाङ	
१५.	प्रमुख प्रशासकीय अधिकृत	डम्बरबहादुर रजनमगर	

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा
(२) वडादशैं, दिपावली र छठ पर्व २०८२ को शुभकामना सम्बन्धमा
(३) स्वास्थ्य बीमा कार्यक्रम संचालनका लागि औषधि खरिद सम्बन्धमा
(४) मौलो पुजामा आर्थिक सहयोग सम्बन्धमा
(५) वार्षिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा
(६) वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गर्ने सम्बन्धमा
(७) लागत अनुमान स्वीकृत गरी स्रोत सुनिश्चित गर्ने सम्बन्धमा
(८) निकासी कर संकलनको बोलपत्र सम्बन्धमा
(९) जग्गा नापि सम्बन्धी सेवा शुल्क सम्बन्धमा
(१०)गाउँपालिकामा सवारी पार्किङ्ग निर्माण सम्बन्धमा
(११)आवधिक विकास योजना(०८२/०८३-०८६/०८७) स्वीकृत गर्ने
(१२)डिजिटल भिलेज प्रोफाईल,२०८२ प्रतिवेदन स्वीकृत सम्बन्धमा
(१३)गाउँपालिका यातायात गुरुयोजना(०८२/०८३-०८६/०८७) स्वीकृत गर्ने
(१४)आर्थिक सहायता सम्बन्धमा
(१५)शिक्षकको पारिश्रमिक बापतको रकम निकासा सम्बन्धमा
(१६)प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा
(१७)वैकल्पिक उम्मेद्वार सिफारिस गर्ने सम्बन्धमा
(१८)अध्यक्ष कप खेलकुद संचालन सम्बन्धमा

निर्णय नं. १. गत वैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमा

गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २. वडादशैं, दिपावली र छठ पर्व २०८२ को शुभकामना सम्बन्धमाः

Scanned with CamScanner

नेपालीहरुको महान चाड वडादशैं, शुभ दिपावली र छठ पर्व २०८२ को पावन अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण महानुभावहरुमा सुख, शान्ती र समृद्धिको कामना सहित नेपालको संविधान र विद्यमान कानूनको पूर्ण पालना गर्दै राज्यले लिएको समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पूरा गर्न, समाज परिवर्तन र रुपान्तरणमा सदैव अग्रसर भईरहन, सामुहिक भाव, सकरात्मक सोच, मेलमिलाप, साँस्कृतिक तथा सामाजिक सद्भाव र सहिष्णुता कायम गर्दै सदैव राष्ट्र र राज्यको विकास र निर्माणमा सबैमा प्रेरणा र उर्जाको कामना सहित सबैमा हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. स्वास्थ्य बीमा कार्यक्रमका लागि औषधि खरिद सम्बन्धमाः

२०७४ र स्वास्थ्य बीमा नियमावली, २०७५ को अधीनमा रही सेवा प्रवाह गर्न फिक्कल अस्पताल र स्वास्थ्य बीमा बोर्डसँग मिति २०८२ साल भदौ १ गते सम्झौता भएकोले स्वास्थ्य बीमा सेवाबाट उपलब्ध गराउनुपर्ने औषधि, ल्याब लगायतका सामाग्री खरिदका लागि चालु आ.व. २०८२/०८३ को विनियोजित स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा विविध कार्यक्रम शीर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. मौलो पुजामा आर्थिक सहयोग सम्बन्धमाः

बडादशैं २०८२ को अवसरका गरिने मौलो पुजमा तपसिल बमोजिम आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

क्र.सं.	कार्यालय/निकाय	रकम	कैफियत
१	खाङसाङ प्रहरी चौकी	१५०००	
२	रत्नावती प्रहरी चौकी	१५०००	
३	ईलाका प्रहरी कार्यालय खुर्कोट	१५०००	
४	सशस्त्र प्रहरी नेपाल विपद व्यवस्थापन वेस खुर्कोट	१५०००	
५	नगर प्रहरी फिक्कल गाउँपालिका	२५०००	
६	तोस्रामखोला प्रहरी चौकी	१००००	

निर्णय नं. ५. आ.व. ०८२/०८३ को वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमाः

Scanned with CamScanner

Scanned with CamScanner

चालु आ.व. ०८२/०८३ मा विनियोजित बजेट तथा कार्यक्रमको सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम कार्यालयको चालु आ.व. को लागि विनियोजित बजेट तथा कार्यक्रमको अधिनमा रही निर्माण, बस्तु तथा सामाग्री खरिद र परामर्श सेवा खरिद सम्बन्धमा खरिद ईकाईबाट तयार भएको अनुसूची -१ बमोजिमको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गर्ने सम्बन्धमाः

चालु आ.व. ०८२/०८३ को लागि विनियोजित बजेट तथा कार्यक्रमका साथै कार्यालयको नियमित कार्यहरुलाई व्यवस्थित, छिटो छरितो र समयवद्ध गरी पारदर्शिता र सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यालयबाट पेश भएको अनुसूची २ बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. लागत अनुमान स्वीकृत गरी स्रोत सुनिश्चित गर्ने सम्बन्धमाः

चालु आ.व. ०८२/०८३ को लागि बान्द्रे कोल्ड स्टोर निर्माण शीर्षक अन्तर्गत रु. १० लाख बजेट विनियोजन भएकोले उक्त बजेट कार्यान्वयन सम्बन्धमा चालु आ.व. ०७९/०८० को स्वीकृत बागमती प्रदेश सरकार विशेष अनुदानबाट फिक्कल गाउँपालिका वडा नं. ३ बान्द्रे स्थितमा निर्माणाधीन(२२ वटा पिलर उठाई स्ल्याब सम्मको मात्र कार्य) भएकोमा मिति २०८१ साल असोज १२ गतेको सुनकोशी नदिमा आएको वाढीले उक्त निर्माणाधीन भवनको केही भाग(१० वटा पिलर र सोही पिलरको स्ल्याब) भाँचिएको अवस्था रहेको छ ।उक्त भवनको भुँईतलाको भाँचिएको भाग हटाई आवश्यक निर्माण गर्न बाँकी निर्माण र मर्मत सहित भुँईतल्ला उपयोगमा ल्याउन रु. १५ लाख बराबरको प्राविधिक ईस्टिमेट स्वीकृत गर्ने,

साथै चालु आ.व. मा विनियोजित मिनी ट्रमा संचालन तथा व्यवस्थापन अन्तर्गत रु. २५ लाख कार्यान्वयन सम्बन्धमा फिक्कल गाउँपालिका वडा नं. ४ खाङसाङबेसी स्थित सामुदायिक स्वास्थ्य ईकाईको भवनमा नै माथिल्लो तल्ला थप गरी भवनको पूर्वाधार निर्माण गरी व्यवस्थापन गर्न आवश्यक भएकोले प्राविधि ईस्टिमेट अनुसार रु. ३२ लाख ५० हजार बराबरको लागत ईस्टिमेट स्वीकृत गर्ने,

उल्लिखित बान्द्रे कोल्ड स्टोरको लागि विनियोजित रकम भन्दा बढी रु. ५ लाख र मिनी ट्रमा संचालनको लागि विनियोजित रकमभन्दा बढी रकम रु. ७ लाख ५० बजार

Scanned with CamScanner

गरी जम्मा रु. १२ लाख ५० हजार रकम आगामी गाउँसभाबाट व्यवस्थापन गर्ने गरी स्रोत सुनिश्चित सहित एकै प्याकेजमा "मिनी ट्रमा सेन्टर र बान्द्रे कोल्ड स्टोर निर्माण तथा मर्मत फिक्कल ३ र ४" शीर्षक राखी सार्वजनिक खरिद ऐन, नियम बमोजिम बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. निकासी कर संकलनको बोलपत्र सम्बन्धमाः

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकारको अधिनमा रही फिक्कल गाउँपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-४ मा उल्लिखित निकासीजन्य बस्तुहरुबाट कर संकलन गर्न रु. ३ लाख ५० हजार बराबरको बोलपत्र अंक निर्धारण गरी सात दिनको म्याद दिई बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९. जग्गा नापि सम्बन्धी सेवा शुल्क सम्बन्धमाः

गाउँपालिकाको नापि शाखाबाट जग्गा नापजाँच सम्बन्धी सेवा प्रवाह सुचारु गर्न कर्मचारी समेत व्यवस्थापन भईसकेकोले सो सम्बन्धी सेवा शुल्क आर्थिक ऐनमा उल्लेख नभएकोले प्रति कित्ता रु. १५००।– शुल्क निर्धारण गरी आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १०. गाउँपालिकामा सवारी पार्किङ्ग निर्माण सम्बन्धमाः

चालु आ.व. मा स्वीकृत गाउँपालिकामा सवारी पार्किङ्ग निर्माण शीर्षक अन्तर्गत विनियोजित रु. १ लाख ५० हजार रकमबाट आवश्यक पार्किङ् स्थल निर्माण गर्न प्राविधिक नापजाँचबाट तयार लागत अनुमानमा रु. ६५ हजार अपुग हुने भएकोले उक्त लागत अनुमान स्वीकृत गरी निर्माण सम्पन्न भएपश्चात नपुग रकम अन्य पूँजीगत खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ११. आवधिक विकास योजना(०८२/०८३-०८६/०८७) स्वीकृत गर्ने

फिक्कल गाउँपालिकाको आवधिक विकास योजना(०८२/०८३-०८६/०८७) निर्माणका लागि गत आ.व. मा श्री पिकासो जेनेसिस सिडिसी जे भी सँग परामर्श सेवा सम्झौता गरी आवश्यक सरोकारवाला र विषयगत समितिहरुमा वृहत् छलफल सहित पेश भएको योजना सर्वसम्मत स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२. डिजिटल भिलेज प्रोफाईल,२०८२ प्रतिवेदन स्वीकृत सम्बन्धमा

फिक्कल गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल निर्माणका लागि गत आ.व. मा श्री पिकासो जेनेसिस सिडिसी जे भी सँग परामर्श सेवा सम्झौता गरी आवश्यक सरोकारवाला र विषयगत समितिहरुमा वृहत् छलफल सहित पेश भएको **डिजिटल भिलेज प्रोफाईल,२०८२ प्रतिवेदन** सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३. गाउँपालिका यातायात गुरुयोजना(०८२/०८३-०८६/०८७) स्वीकृत गर्ने:

फिक्कल गाउँपालिकाको यातायात गुरुयोजना(०८२/०८३-०८६/०८७) निर्माणका लागि गत आ.व. मा श्री पिकासो जेनेसिस सिडिसी जे भी सँग परामर्श सेवा सम्झौता गरी आवश्यक सरोकारवाला र विषयगत समितिहरुमा वृहत् छलफल सहित पेश भएको गाउँपालिका यातायात गुरुयोजना सर्वसम्मत स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४. आर्थिक सहायता सम्बन्धमा:

तपसिल बमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो:

पीडित/बिरामीको नाम	ठेगाना	आफन्त/संरक्षकको नाम	कारण	रकम
आरती तोलाङ्गी	फिक्कल २		दीर्घ रोग लामो औषधि खानुपर्ने	१००००
डल्ले बिर सार्की	फिक्कल २	जित बहादुर सार्की छोरा	मृत्य	२००००
चोप कुमारी राउत	फिक्कल २	निर बहादुर राउत	मेरुदण्डमा समस्या	२००००
रत्न कुमारी आर्ले	फिक्कल २		क्यान्सर	२००००
मोहन बहादुर खत्री	फिक्कल ५		५ वटा बाख्र र २ वटा खसी बाघले खाएको	२५०००

Scanned with CamScanner

Scanned with CamScanner

१५. शिक्षकको पारिश्रमिक बापतको रकम निकासा सम्बन्धमा

श्री जनकल्याण नि. मा.वि. नयाँगाउँको च.नं. ०५, मिति २०८२/६/२ गते पहिलो त्रैमासिक माग फारममा सिफारिस प्राप्त भएको। सो सम्बन्धमा आ.व. ०८२/०८३ को यस गाउँपालिकाको बजेटबाट तलव भत्ता भुक्तानी गर्न श्री रेखा तामाङ्ग सुनुवारलाई नि.मा.वि. तहको पदमा विद्यालयबाट नियुक्ति भई पेश भएको हुँदा निजको नियुक्ति अनुमोदन गरी पारिश्रमिक वापतको रकम निकासा गर्ने निर्णय गरियो ।

निर्णय नं. १६. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमाः

चालु आ.व. ०८२/०८३ को स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट प्राप्त रु. ३३ लाख ७२ हजार र गाउँपालिकाले विनियोजन गरेको रु. ३३ लाख ७२ हजार गरी जम्मा रु. तपसिल बमोजिम वडागत रुपमा बजेटको सीमाको अख्तियारी दिई कार्यक्रम कार्यालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

वडा नं	विनियोजित बजेट	कैफियत
फिक्कल गाउँपालिका वडा नं. १	१० लाख	
फिक्कल गाउँपालिका वडा नं २	१० लाख	
फिक्कल गाउँपालिका वडा नं ३	१० लाख	
फिक्कल गाउँपालिका वडा नं ४	९ लाख	
फिक्कल गाउँपालिका वडा नं. ५	९ लाख	
फिक्कल गाउँपालिका वडा नं ६	१२ लाख	
जम्मा	**६० लाख**	

निर्णय नं. १७. वैकल्पिक उम्मेद्वार सिफारिस गर्ने सम्बन्धमाः

गाउँपालिकामा रिक्त रहेको प्रा.वि. तहमा परीक्षा हुँदा मिति २०८२/५/५ गतेको परीक्षामा वैकल्पिक सूचीमा रहेका योग्यताक्रमानुसार रहेका उम्मेद्वारहरुलाई खाली भएका विद्यालयहरुका दरबन्दीमा अस्थायी करारमा नियुक्तिका लागि सिफारिस गर्न शिक्षा शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८. अध्यक्ष कप संचालन सम्बन्धमाः

फिक्कल गाउँपालिका तेस्रो अध्यक्ष कप २०८२ तपसिलको मिति र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

मितिः- २०८२ साल असोज ३०,३१ र कार्तिक १ र २ गते

स्थानः- डाँडागाउँ खेलमैदान वडा नं. ५ सोल्पाठाना